# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति:२०७८/०५/०४

बैठक संख्या: १३३

समय: बिहान ११:०० बजे

अर्थ समितिको आज मिति २०७८ भदौ ४ गते बसेको बैठकमा नेपाल पुंजी बजार र यस सम्बन्धमा भए गरेका कामकारवाही सम्बन्धमा माननीय अर्थ मन्त्री र अर्थ सचिवसँग छलफल भयो। यस अघि समितिको मिति २०७८ श्रावण ३१ गते नेपाल धितोपत्र बोर्ड र २०७८ श्रावण ३२ गते नेपालको दोस्रो बजारको सञ्चालक नेप्सेसँग छलफल भएको थियो।

छलफलको क्रममा समितिले पुंजीबजारका विभिन्न आयाममा अध्ययन गरी तयार गरेको प्रतिवेदन कार्यान्वयनका लागि अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेञ्जमा पठाइएकोमा सोको कार्यान्वयनको अवस्थाको बारेमा धितोपत्र बोर्ड र नेप्सेका पदाधिकारीबाट जानकारी गराइएको थियो।

त्यसै गरी धितोपत्र बोर्ड र नेप्सेका पदाधिकारीले सर्वोत्तम सिमेन्टको सेयर खरिद गरेको सम्बन्धमा समेत समितिले जानकारी मागेको थियो। यस सम्बन्धमा सर्वोत्तम सिमेन्टको सेयर खरिद गर्न कानूनी रुपमा बाधा नभएको जिकिर दुवै पक्षबाट आएको थियो। यो प्रकरण नैतिकता र जिम्मेवारीसँग समेत जोडिएकाले यसरी सेयर कारोवार गर्नु गलत रहेको भनाई माननीय सदस्यहरुबाट आएको थियो। यसै पृष्ठभूमिमा आजको बैठकले देहायका निर्णय गऱ्यो:

१. पुंजी बजारको दिगो विकास र स्थायित्व कायम गर्दै यस क्षेत्रमा स्वच्छता, पारदर्शीता, सदाचार, नैतिकता साथै जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गर्न नीतिगत, कानूनी, संरचनात्मक, व्यवस्थापकीय, प्रविधिगत र कार्यशैलिगत पक्षमा गर्नुपर्ने सुधारको खाका तयार गरी समितिलाई जानकारी गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने।

२. नेपाल धितोपत्र बोर्ड र नेप्सेका पदाधिकारीहरुले पदीय मर्यादा अनुकूल नहुने गरी अनुचित लाभ लिन गरेको भनिएको सेयर कारोवारको सम्बन्धमा अर्थ मन्त्रालयबाट

अध्ययन/छानविन भइरहेको जानकारी माननीय मन्त्रीज्यू र अर्थ सचिवबाट प्राप्त भएकोले उक्त छानविन यथाशीघ्र सम्पन्न गरी कानून बमोजिम आवश्यक कारबाही अगाडी बढाउन र सोको जानकारी समितिलाई गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने।

(सुरेन्द्र अर्याल)
समिति सचिव

(कृष्ण प्रसाद दहाल)
सभापति